# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४०) काठमाडौं, भदौ २१ गते २०४७ साल (अतिरिक्ताङ्क ३०

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना

श्री ५ महाराजाधिराजबाट २०४७ साल जेष्ठ १६ गते संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको सुदृढीकरणको लागि संविधानको मसौदा तयार गरी तीन महिनाभित्र मसौदा सहित आफ्नो सुझाव पेश गर्न संविधान सुझाव आयोग गठन गरिबक्से अनुसार आयोगलाई सुम्पिएको जिम्मेवारी अनुसारको कार्य सम्पन्न भइसकेकोले आयोगले तयार गरेको मसौदा सहितको सुझाव प्रतिवेदन सरकारमा चढाउन दिन निश्चित हुनका लागि संविधान सुझाव आयोगका अध्यक्षले जाहेर गर्नुभएको व्यहोरा सम्माननीय प्रधानमन्त्रीका रोहवरमा मौसूफका हजूरमा जाहेर भयो ।

मौसूफबाट संविधानको मसौदा सहितको सुझाव प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीको परामर्शमा २०४७ साल भाद्र २५ गते सोमबारका दिन एक समारोहबीच आयोगका अध्यक्षले श्री ५ महाराजाधिराजका हजूरमा चढाउन समय बक्सेको छ ।

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

302

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।